
सम्पादकीय

भूमे साप्ताहिक

वर्ष ६ अङ्क २९ फागुण ०४ आईतबार

# उत्कृष्ट काममा भूमे



रुकुमपूर्व "क" वर्गमा वर्गीकृत हिमाली जिल्ला हो। यस जिल्लामा पुथाउत्तरगंगा, भूमे र सिस्ने गाउँपालिका रहेको छ। जसमा भखर्रै मात्र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको कार्य सम्पादन मूल्याङ्कनको नतिजामा रुकुमपूर्वमा भूमे गाउँपालिकाले उत्कृष्ट हासिल गरेको छ। गत माघ ३० गते राष्ट्रिय वित्तीय आयोगले सार्वजनिक गरेको आर्थिक वर्ष ०८०/०८१ को कार्यसम्पादन मूल्यांकन प्रतिवेदन अनुसार भूमे गाउँपालिका उत्कृष्ट घोषित भएको छ। यो उपलब्धी भूमेको लागि मात्र नभएर हिमाली रुकुमपूर्वको गर्वको विषय बनेको छ।

स्थानीय सरकारको मुख्य दायित्व नागरिकलाई आवश्यक सेवा प्रदान गर्नु, पूर्वाधार विकासलाई प्रवद्र्धन र वित्तीय स्रोतको सही सदुपयोग गर्दै भूमे गाउँपालिकाले ७०.४ अंङ्क प्राप्त गरेर उत्कृष्ट हासिल गरेको हो। यति मात्रै नभएर भूमे गाउँपालिकामा योजनाबद्ध विकास, बजेटको पारदर्शी कार्यान्वयन, र प्रभावकारी बनाएको देखाएको छ। सेवा प्रवाहलाई प्राथमिकतामा राख्दै नागरिकलाई गुणस्तरीय सेवा प्रदानमा अहोरात्र खटेको परिणाम यस आर्थिक वर्षको कार्यसम्पादनले नतिजा दिएको छ।

आर्थिक स्रोतहरूको उचित व्यवस्थापन र दिगो विकासका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै भूमे गाउँपालिकाले सबै पक्षमा उत्कृष्ट कार्यसम्पादनमा अन्य स्थानीय तहहरूका लागि भने मार्गदर्शनको भूमिका निर्वाह गरेको छ।

देशमा धेरै स्थानीय तहहरू वित्तीय अनियमितता, अनियन्त्रित खर्च, र कमजोर सुशासनका कारण आलोचनाको पात्र बनेका छन्। तर भूमे गाउँपालिका कुशल नेतृत्वमा प्रशासन र समावेशी नीति बनाउँदै भूमेली नागरिकले सोचे चाहे जस्तो सेवा प्रदान गरेको छ। गाउँपालिकाले आफुमा भएका गल्ती र कमीकमजोरीलाई सुदृढ गर्दै थप प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न गति बढाउँदै छ।

अन्तमा स्थानीय सरकारहरू राष्ट्रको विकासको मेरुदण्ड हुन्। तसर्थ सबै स्थानीय तहले वित्तीय अनुशासन, पारदर्शिता र जनउत्तरदायी प्रशासनलाई अन्य तहहरूले पनि आत्मसात गर्न आवश्यक छ।

**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

भूमे साप्ताहिक
# समाचार
२

वर्ष ६ अङ्क २९ २०८१ फागुण ०४ आईतबार

# रुकुमपूर्वको कार्य सम्पादनमा भूमे पहिलो



❖ *बालाराम शेर्पाली*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहहरूको कार्यसम्पादन मूल्याङ्कन गर्दा रुकुमपूर्वमा भूमे गाउँपालिका पहिलो भएको छ। विभिन्न १७ सूचकका आधारमा गरिएको मूल्याङ्कनमा रुकुमपूर्वमा रहेको तीन गाउँपालिकामा भूमे गाउँपालिका पहिलो भएको हो।


वित्त आयोगले आर्थिक वर्ष ०८०/०८१ को स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन नतिजा गएको माघ ३० गते सार्वजनिक गरेको हो। भूमे गाउँपालिकाले ७०.४ अंक ल्याएर पहिलो हुँदा सिस्ने गाउँपालिका ६६.४ अंक लिएर दोस्रो भएको छ। भने पुथाउत्तरगंगा गाउँपालिकाले ५७.५ अंक प्राप्त गरी तेस्रो भएको छ।

भूमे गाउँपालिकाले स्थानीय तहको बजेट व्यवस्थापन, राजस्व संकलन, सेवा प्रवाह, र पारदर्शिता लगायत क्षेत्रमा जनमैत्री काम गर्दै आएको गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो। अहोरात्र काम गर्ने कर्मचारीलाई धन्यवाद दिँदै अध्यक्ष श्रेष्ठले भन्नुभयो, "भूमे गाउँपालिकाको यो उपलब्धी कार्यसम्पादनले गर्दा थप नयाँ काम गर्नका लागि हौसला प्रदान भएको छ।

वर्ष ६ अङ्क २९ २०८१ फागुण ०४
आईतबार

# भूमे गाउँपालिकाद्वारा "जनयुद्ध दिवस"को शुभकामना

❖ *साप्ताहिक समचारदाता*



रुकुमपूर्व भूमे गाउँपालिकाले ३० औं "जनयुद्ध दिवस"को शुभकामना व्यक्त गरेको छ। पालिकाले पालिकावासीलाई "जनयुद्ध दिवस"को शुभकामना दिदै महान सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता तथा घाइते योद्धाहरूलाई सम्मान प्रकट गरेको छ। गाउँपालिकाले शुभकामना वक्तव्य मार्फत जनयुद्धको बलमा प्राप्त उपलब्धीहरूको रक्षा गर्दै समावेशी लोकतन्त्र, सामाजिक न्याय, तथा समृद्ध नेपालको निर्माणमा सबै पक्षहरू एकजुट हुनुपर्ने उल्लेख गरिएको छ। जनयुद्धबाट प्राप्त भएको जनताको अधिकार, समानता तथा स्वाधीनताको भावना अझै सशक्त रूपमा स्थापित गर्दै विकास र समृद्धिको यात्राको गतिलाई जोड दिएको भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो।

गाउँपालिकाले समावेशी शासन प्रणाली र समानताको आधारशिलालाई सुदृढ गर्दै, स्थानीय विकास, शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माणसंगै रोजगारी सिर्जनाको ध्यान दिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

# काँक्रीमा पेट्रोल पम्प

❖ *जयमान बुढामगर*

रुकुमपूर्वमा पहिलो पटक पेट्रोल पम्प सञ्चालनमा आएको छ। मध्यपहाडी लोकमार्ग छेउमा अवस्थित भूमे गाउँपालिका–२ काँक्रीमा पेट्रोल पम्प सञ्चालनमा आएको हो। २०७३ भदौ १६ गतेका दिन नेपाल आयल निगमबाट बुढा आयल स्टोरले पेट्रोल पम्प सञ्चालनका लागि अनुमति लिएको थियो।

पेट्रोल पम्प सञ्चालनका लागि काम सुरु गरिएको करिब आठ वर्षपछि पम्प सञ्चालनमा ल्याउन सफल भएको बुढा आयल स्टोरका सञ्चालक रामसुर बुढामगरले जानकारी दिनुभयो। पम्पको भौतिक पूर्वाधार निर्माणका साथै पम्प सञ्चालनका लागि विभिन्न निकायबाट अनुमति र गुणस्तरीय भए÷नभएको चेकजाँच सफल भएपछि सोमबार

भूमे सासाहिक
समाचार
वर्ष ६ अङ्क २९ २०८१ फागुण ०४
आईतबार



देखि पम्प सञ्चालनमा ल्याइएको सञ्चालक




बुढामगरले बताउनुभयो। दुई करोड रुपियाँ लगानीमा पम्प निर्माण भएको बुढामगरले बताउनुभयो। हाल तीन हजार लिटर पेट्रोल र नौ हजार लिटर डिजेल ल्याइ बिक्री गरिराखिएको बुढा आयल स्टोरले जनाएको छ। पेट्रोल पम्पमा ३२ हजार लिटर डिजेल र १६ हजार लिटर पेट्रोल भण्डारण गर्न सक्ने क्षमताको रहेको छ।

पम्प नहुँदा प्याक्ट बिक्रेता (ड्रम)बाट पेट्रोल, डिजेल बिक्री हुँदै आएको थियो। काँक्रीमा पम्प सञ्चालनमा आएपछि जिल्लामै गुणस्तरीय र निगमले निर्धारण गरेको मूल्यमै पेट्रोल, डिजेल पाउने भएको हो।

# स्याला–सुर्पामा पहिलोपटक बिजुली पुग्दा खुसीयाली

❖ *सासाहिक समचारदाता*

रुकुमपूर्व भूमे गाउँपालिका–८ स्याला–सुर्पा गाउँमा पहिलोपटक बिजुली बत्ती पुग्दा स्थानीयले खुसीयाली मनाएका छन्। यी गाउँमा पहिलो पटक केन्द्रीय विद्युत पुगेको हो।



अहिलेसम्म पनि बिजुली नपुगेको उक्त गाउँमा ५० केभीको ट्रान्सफरमर जडान गरी करिब ६० घरधुरीमा बत्ती बाल्न सफल भएको नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र रुकुमपूर्वका प्रमुख प्रमोद खनालले जानकारी दिनुभयो।

सोही वडाको कोर्जामा स्थानीय बत्ती भरपर्दो नभए पछि सोही ट्रान्सफरमरबाटै करिब १ सय घरधुरीलाई पुग्ने गरी लाइन विस्तार गरिएको पनि प्रमुखले बताउनुभयो।

पछिल्लो समय जिल्लाको विभिन्न गाउँ बस्तीहरुमा नेपाल विद्युत प्राधिकरणको लाइन विस्तारको काम तिव्र रुपमा भइरहेको छ। जिल्लाका सबै घरधुरीमा छिटो भन्दा छिटो केन्द्रीय लाइन विस्तार गर्ने गरी काम भइरहेको कार्यालयले जनाएको छ।

भूमे साप्ताहिक
रोजगारी ५

वर्ष ६ अङ्क २९ २०८१ फागुण ०४ आईतबार

# रोजगारमा छनोट श्रमिकलाई अभिमुखीकरण

❖ साप्ताहिक समचारदाता





रुकुमपूर्व भूमे गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीमा छनोट हुनु भएको श्रमिकलाई एक दिने अभिमुखीकरण कार्यक्रम गरिएको छ। आर्थिक वर्ष ०८०/०८१ मा ६ सय भन्दा बढी सूचिकृत भएका मध्ये ६१ जना महिला र ९ जना पुरुषले सय दिन बराबर रोजगारका लागि मापदण्ड अनुसार छनोट हुनु भएको छ। रोजगारका लागि छनोट हुनु भएका प्रति व्यक्तिले दैनिक काम गरे वापतको दैनिक ६ सय ६८ रुपैयाँको दरले ज्याला पाउने छन्।

रोजगार सेवा केन्द्रको आयोजनामा श्रमिकहरूलाई कार्यस्थलको नियम, सुरक्षा उपाय, श्रम ऐन तथा पारिश्रमिक व्यवस्थापनबारे जानकारी दिइएको रोजगार सेवा केन्द्रका संयोजक विनोद बिकले बताउनुभयो। भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले सय दिन बराबरको रोजगारीमा छनोट हुनु भएको श्रमिकहरूलाई राम्रोसँग काम गर्न अनुरोध गर्नुभयो। इमान्दारका साथ आफूले पाएको जिम्मेवारी पूरा गर्न अध्यक्ष श्रेष्ठले सुझाव दिनुभयो।

गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको अध्यक्षतामा सुरु भएको अभिमुखीकरण कार्यक्रममा नौ वटै वडाध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत देबिलाल बिक, लगायत शाखा प्रमुखहरुको उपस्थिति रहेकोमा कार्यक्रम सञ्चालन गाउँपालिकाको रोजगार सहयाक चन्द्र रसाइली गर्नुभएको थियो।

भूमे सासाहिक
नागरिक
६
वर्ष ६ अङ्क २९ २०८१ फागुण ०४
आईतबार

# जिल्ला प्रहरी रुकुमपूर्वद्वारा मासिक पत्रकार भेटघाट




जिल्ला प्रहरी कार्यालय रुकुमपूर्वले मासिक पत्रकार भेटघाट कार्यक्रम गर्दै आएको छ। जिल्लाका हरेक घटनाको अवस्थाबारे सबैलाई जानकारी गर्ने उद्देश्यले जिल्ला प्रहरी कार्यालय रुकुमपूर्वले गएको माघ महिना देखि मासिक पत्रकार भेटघाट कार्यक्रम आयोजना गर्दै आएको हो।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव उपरीक्षक (डीएसपी) माधवराज खरेलले माघ महिनामा विभिन्न शीर्षकमा जम्मा ६ मुद्दा दर्ता भएको जानकारी गर्नुभयो।

जसमा २ वटा मुद्दा फछ्र्यौट भएको र ४ वटा मुद्दा फछ्र्यौट हुन बाँकी रहेको खरेलले पत्रकार भेटघाट कार्यक्रममा बताउनुभयो।

त्यस्तै माघ महिनामा १२ जना फरार प्रतिवादी पक्राउ गरिएको जनाएको छ। जसमा फरार भएको २० वर्ष पछि १० जना र ५ वर्ष तलका फरार २ जना पक्राउ गरिएको खरेलले बताउनुभयो।
गत माघ महिनामा जिल्ला स्थित ट्राफिक प्रहरीले २ सय ६१ सवारीसाधनलाई कारबाही गरी २ लाख ४५ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरेको छ।
भने सवारी दुर्घटना न्युनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम ९० ठाउँमा गर्दा त्यसबाट २ हजार ७ सय १७ जना लाभान्वित भएको सूचना अधिकारी हिमबहादुर केसीले

जानकारी दिनुभयो। सूचना अधिकारी केसीका अनुसार विभिन्न शीर्षकमा सामुदायिक कार्यक्रम अन्तर्गत ८६ वटा कार्यक्रम गर्दा त्यसबाट १ हजार ९ सय ८० जना मानिस लाभान्वित भएको बताउनुभयो। मोबाइल गस्ती, मोटरसाइकल गस्ती, पैदल गस्ती र एसआरपी गस्ती १ हजार ५ सय ८१ पटक गरिएको छ। जिल्ला भर भएका प्रहरी युनिटमा प्राप्त फोन १ सय ९ मध्ये १ सय ९ वटै फोनको रेसपोन्स गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# प्रणय दिवसमा अन्तरजातीय दाम्पत्यलाई सम्मान



❖ *साप्ताहिक समचादाता*

प्रणय दिवसमा रुकुमपूर्व भूमे गाउँपालिका–३ सुन्तलाबारी निवासी तथा अखिल क्रान्तिकारी रुकुमपूर्वमा अध्यक्ष चन्द्र रसाइलीले अन्तरजातीय विवाह गर्नु भएको दाम्पत्यलाई सम्मान गर्नु भएको छ। गाउँ समाजमा जरा गाडेर बसेको जातीय विभेद र परम्परागत सोचलाई तोडेर विवाह गर्नु भएको भूमे–३ सिमाका श्यामकुमार सुनार र जुनतारा पुनको दाम्पत्यलाई रसाइलीले प्रणय दिवसको अवसरमा सम्मान गर्नु भएको हो।

नौ वर्ष पहिले प्रेम विवाह गरेको तर, हाल सम्म माईती पक्षले स्वीकार गर्न नसकेको जुनताराले दुखेसो पोख्दै सुनाउनुभयो। श्यामकुमारले भन्नुभयो, “समाजले हामीलाई हेर्ने दृष्टिकोण फरक छ। तर हामी दुई खुसीका साथ बसिराखेका छौं। खुसीका साथ घरपरिवार धानेर बसेका छौं।

भूमे साप्ताहिक
लोग सेवा ८
वर्ष ६ अङ्क २९ २०८१ फागुण ०४ आईतबार

# लोक सेवा साप्ताहिक वस्तुगत प्रश्नोत्तर

**१ सरकारले रातो बाँदरलाई पहिलो पटक कृषि हानिकारक वन्यजन्तु घोषणा कहिले गरेको हो ?**

- विसं २०८१ माघ १०

**२ नेपालले आठ हजार मिटर अग्ला आठ हिमालसहित कति वटा हिमाल आरोहणका लागि खुला गरेको छ ?**

- ४६१

**३ 'राष्ट्रिय मुक्ति पार्टी नेपाल नामक राजनीतिक दल निर्वाचन आयोगमा कहिले दर्ता भयो ?**

- विसं २०८१ माघ ८
  - नेता राजेन्द्र महतो नेतृत्वको सो पार्टी निर्वाचन आयोगमा दर्ता भई आयोगले प्रमाणपत्र प्रदान गरेको।

**४ इजरायलले संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद् (युएनएचआरसी) बाट अलग हुने घोषणा कहिले गरेको हो ?**

- सन् २०२५ फेब्रुअरी ६

– इजरायलको यो कदम अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको राष्ट्रसङ्घको शीर्ष मानव अधिकार निकायबाट आफ्नो देश फिर्ता भएको घोषणा गरेको दुई दिनपछि आएको।

**५ विसं २०८१ माघमा सम्पन्न २५ औं संस्करणको बुढासुब्बा गोल्ड कप फुटबल प्रतियोगिताको उपाधि कसले जित्यो ?**

- एनआरटी

**६ आइसिसी यु–१९ महिला टी–२० विश्वकपको उपाधि कसले जित्यो ?**

- भारत

–सन् २०२५ फेब्रुअरी २ मा मलेसियामा सम्पन्न फाइनल प्रतियोगितामा दक्षिण अफ्रिकालाई ९ विकेटले

**७ नेपालले कुन आवधिक योजनादेखि वैदेशिक सहयोग लिन सुरु गरेको हो ?**

- प्रथम पञ्चवर्षीय योजना

**८ हिन्द महासागर र बङ्गालको खाडीमा चल्ने वायुलाई के भनी चिनिन्छ ?**

- साइक्लोन – थार तथा गोवी मरुभूमिमा बहने तातो हावालाई 'लु' भनी चिनिने ।

भूमे साप्ताहिक आलेख ९

वर्ष ६ अङ्क २९ २०८१ फागुण ०४ आईतबार

# धर्म के हो?



❖ रुविन विश्वकर्मा

धर्म आफैमा यस्तो पोजेटिभ शक्ति हो। कि जसलाई परिवर्तन गराउन सकिदैन मानिसहरुले धर्मलाई आ आफ्नो दृष्टिकोर्ण बाट ब्याख्या गर्छन आस्था परिवर्तन हुन्छ किन कि आस्था गलत कुरामा पनि हुन सक्छ तर धर्म परिवर्तन गर्नु भनेको चाहि ईश्वर नै छैन भनि नास्तिक हुनु हो। धर्म मानव आस्थाको कुरा भएको हुनाले कसले कुन धर्म मान्न पाउँछ वा पाउँदैन भन्ने चिन्तन गर्न आबश्यक पर्दैन। एउटा ब्यत्तिलाई उसको विवेकले दिएको इच्छाँ अनुसार कुनै पनि धर्मलाई अबलम्बन गर्न पाउने धार्मिक अधिकार हुनुपर्छ भन्ने बिश्वब्यापी मानव अधिकार को ठहर छ। राजनीति सिद्धान्त जस्तै धर्म कुनै राज्य वा जातिको हुँदैन र यो सबैका लागि उपलब्ध हुनुपर्छ तर धर्मको नाउमा राजनीति भने हुनुहुदैन।

सबैले यहि मान्यता अगाल्ने हो भने कुनै पनि धर्मसँग कोही पनि डराउनुपर्ने आवश्यकता रहदैन।

धर्मको उदेश्य शान्ति कायम गर्नु हो। नेपालमा सुरु भएको बौद्ध धर्म चीन वा जापान वा अमेरिकामा विदेशी हुदैन भने इस्रएलमा शुरु भएको ख्रिष्टियन धर्म वा साउदि अरबमा शुरु भएको इस्लाम धर्म वा चीनमा शुरु भएको टावो धर्म पनि नेपालको लागि विदेशी हुदैन।

सहि सिद्धान्त वा ज्ञान राष्ट्र बिशेष वा जाति विशेष हुदैन र त्यो सबैको हुन्छ र कसले के अपनाउन चाहन्छ भन्ने स्वतन्त्रता पनि ब्यत्तिको अधिकारको घेरामा पर्छ। एक ब्यत्तिले आफ्नो आस्थालाई डर र कसैक धम्कि विना नै अभ्यास गर्न पाउने स्वतन्त्रता उसमा निहित हुनुपर्छ। यस किसिमको मान्यताले स्थान पाएमा धर्महरुका बिचमा बेमिलाप होइन, मिलाप हुनजान्छ। यदि कसैले आफ्नो धर्मको बारेमा अन्जान भइ म फलानो धार्मिक आस्था राख्छु मात्र भन्नु अन्धो भक्त हो, यदि हामि कुनै पनि धर्ममा बिश्वास गर्छौं भने त्यो बारेमा थाहा पाएकै हुनुपर्छ र भन्न पनि सक्नु पर्छ।

के विश्वका सबै धर्महरु एउटै हुन त ***?( Major Religions of the World a Nepali Perspective )***

आउनुस हामि बिश्वका केहि धर्महरुको बारेमा हेरौं साथै बिश्वका अनुयायीका संख्याको आधारमा ठुलो भनिएका चार वटा धर्मका बारेमा छोटो भएता पनि चर्चा गर्नेछौं।

## दक्षिण एशियामा सुरु भएका धर्महरु

## बौद्ध धर्म (Buddhism)



बौद्ध धर्ममा धर्म र दर्शन दुवै समावेश छ र यसमा विविध परम्पराहरु, बिश्वासहरु, अभ्यासहरु छन र यसका शिक्षाहरु सिद्धार्थ गौतमले दिएका थिए।बुद्ध दक्षिण एसियाको लुम्बिनीमा जन्मेका ब्यक्ति थिए जुन ठाउँ वरतमान नेपालमा पर्दछ।अनुयायीका संख्याको आधारमा बौद्ध धर्म संसारको चोथौ ठुलो धर्म हो। बौद्ध धर्म छैठौ शताब्दि तिर सुरु भएको मानिन्छ।बुद्धले सिकाएका चार सत्यताहरु र आठ सुनौला मार्गहरु

१ सारा सृष्टिमा दुख छः।

४) ती उपायहरु,

क) ठिक विश्वास वा बुझाई

ख) ठीक उदेश्य वा नियत

ग) ठीक बोली

घ) ठीक व्यबहार

ङ) ठीक ब्यवसाय

च) ठीक प्रयास वा मेहनत

छ) ठीक मन वा अनुशासन

ज)ठीक ध्यान वा मनन

बौद्ध धर्मशास्त्रलाई त्रिपिटिक वा तीन बास्केटहरु भनिन्छ, किनकि यिनिहरुलाई तीन भागमा विभाजन गरिएको छ।

१ पहिलो भागलाई विनय पिटक भनिन्छ, जसको अर्थ "नियमको बास्केटभन्ने पनि हुन्छ "।

२) दोस्रो भागलाई सुत्त पिटक भनिन्छ।यसलाई " शिक्षण बास्केट" वा शिक्षाको पुस्तक भनिन्छ वा अन्य बाख्याहरु पनि रहेका छन।

३) तेस्रो भागचाहिँ अभिधम्म पिटक हो।यो शिक्षा र मानव भविष्यका विषयले भरिएको छ।यो सामन्य ब्यत्तिहरुको लागि नभएर बौद्ध सिद्धान्त जान्नेहरुको लागि हो।

२- जैन धर्म ( Jainism)

**३- हिन्दू धर्म ( Hinduism)**




हिन्दु धर्मको शुरुको सम्बन्धमा बिभिन्न धारणाहरु रहेको भएता पनि ऐतिहासिक रुपमा यो करिब १५०० इमा शुरु भएको हो।.पू.हिन्दु शब्द यसको मुल प्रयोगमा धार्मिक शब्द नभएको यो भौगोलिक शब्द हो।

हाल पाकिस्तानमा रहेको सप्तसिन्धु स्थानसँग यो जोडिएको छ सप्तसिन्धु उपत्यकामा बसोबास गर्ने मानिसहरुलाई हिन्दु भनियो र पछि गएर उनिहरुले सुरु गरेको धार्मिक बिश्वासलाई सनातान धर्म भनियो। आज यस शब्दको बुझाई भौगोलिक नामभन्दा पनि बढि धार्मिक नामसँग सम्बन्धीत छ। हिन्दु धर्मलाई एउटै वाक्य वा केहि शब्दहरुमा परिभाषा गर्न सकिदैन, किन कि यसमा एकेश्वरवाददेखि बहुईश्वरवाद र सर्वईश्वरवाद पनि समावेश भएको पाइन्छ। अनुयायीका संख्याको आधारमा हिन्दु संसारको तेस्रो ठुलो धर्म हो।

**हिन्दु धर्मका धर्मशास्त्रहरु**

हिन्दु धर्मका धर्मशास्त्रहरुलाई विशेषगरि दुई भागमा विभाजन गरिएको छ।

१) श्रूति : सुनिएको

२) स्मृति :- स्मरण गरिएको

श्रूति खण्ड अन्तरगत वैदिक साहित्यलाई सामवेश गरिएका छन र यी यसप्रकार छन :

१ वेदः वेदको अर्थ ज्ञान हो

क) ऋग्वेदः प्रशंसाको वेद

ख) सामवेद : स्तोत्रको वेद

ग) यजुरवेद :- वलिदानको वेद

घ) अथर्ववेद :- मन्त्रतन्त्रको वेद

२) ब्राह्मणम :- बाहिरीय विधि र वलिदान

३) आरण्यक :- तपस्या र भित्रीय वलिदान

४) उपनिषद : ब्रह्म र आत्माको अवधारणा र ज्ञानमार्गमा जोड

४- सिख धर्म (**Sikhism**)

* उत्तर र पुर्वी एशियामा शुरु भएका धर्महरु

५- टावो (**Taoism**)

६- कन्फ्युसियन धर्म (**Confucianism**)


७- शिन्टो धर्म (**Shinto**)

मध्यपूर्वी एशियामा शुरु भएका धर्महरु

८- यहूदि धर्म (**Judaism**)

९- जोरोस्ट्रिएन धर्म (**Zoroastrianism**)

१०- ख्रिष्टियन बिश्वास (**Christianity**)



ख्रिष्टियन शब्द प्राचीन ग्रिक शब्द ख्रिष्टोः र हिब्रू शब्द मसीहबाट लिएको हो। ख्रिष्टियन बिश्वास येशू ख्रिष्टको जीवन र शिक्षामा आधारित छ र यसलाई बाइबल धर्मशास्त्र नयाँ करारमा प्रस्तुत गरिएको छ। संसारमा धर्महरुमध्ये खीष्टियन आस्थामा बिश्वास गर्नेहरुको संख्या सबै भन्दा धेरै रहेको छ। धेरै जसो मानिसहरुले येशू खीष्टको २००० बर्ष अगाडिको इतिहास मात्र छ भन्ने भनाइ र बुझाई रहेको पाइन्छ।

तर त्यो चाहि येशू ख्रिष्टको मानिस भै इस्रायल (वर्तमान प्यालेस्टाइन) मा जन्म लिएको समय अबधि मात्र हो। ख्रिष्टियन बिश्वासमा परमेश्वर एक हुनुहुन्छ र उहाँ तीन ब्यक्तित्त्वमा हुनुहुन्छ, पिता परमेश्वर, पुत्र परमेश्वर र पबित्र आत्मा परमेश्वर भनि बिश्वास रहेको छ। प्रायजसो ख्रिष्टियनहरुले येशूलाई परमेश्वरका पुत्र, पुर्ण मानव र पुर्ण परमेश्वर,उहाँनै आउनुहुन्छ भनी पुरानो करारमा अगमवाणी गरिनुभएका मानवका मुक्तिदाता हुनुहुन्छ भनी बिश्वास गर्छन। यसरी ख्रिष्टियनहरुले येशूलाई ख्रिष्ट वा मसीह भनि सम्बोधन गर्छन।

ख्रिष्टियन सिद्धान्तका आधारहरुलाई ख्रिष्टियन बिश्वासका सारहरुमा अभिव्यक्त गरिएको छ। येशूले दु:ख भोग्नुभयो, मर्नुभयो,गाडिनुभयो, उहाँमाथि विश्वास गर्नेहरुलाई अनन्त जिवन दिन र तिनिहरुका पापका क्षमाको निम्ति उहाँमा भरोसा गर्नेहरुका लागि उद्दार गर्न उहाँ मृतकबाट जीवित

हुनुभयो। विश्वासको सारले यो पनि बताउँछ कि उहाँको स्वर्गारोहण भयो, जहाँ उहाँले परमेश्वरसँग शासन गर्नुहुनेछ। आफ्ना विश्वासि भक्तजनहरुलाई लिन र हरेक जिवित र मृतकलाई न्याय गर्नका लागी येशू यस पृथ्वीमा फर्किआउनुहुनेछ भनी ख्रिष्टियनहरुले विश्वास गर्छन। उहाँको जन्म, सेवा, आश्चर्यकर्म, क्रसिकरण, पुनरुत्थान,र दोस्रो आगमनलाई सुसमाचार भनी सम्बोधन गरिन्छ। अहिले विश्वमा खीष्टियनिटिलाई मुख्य गरी तीन भागमा विभाजन गरिएको छः अर्थोडक्स वा कट्टरवादिहरु, रोमन क्याथोलिकहरु, र प्रोटेस्टेन्टहरु।

ख्रिष्टियन बिश्वासका अभियासहरु बिश्राम दिनको पालना, भेटिहरु, बिश्वास, प्रेम,दया,शान्ति,क्षमा शत्रुलाई पनि प्रेम गर्नु गरिब बिरामि र पिडितहरुको सेवा र मृत्यु पछिको आत्माको उद्दारलाई जोड दिन्छन।

प्रोटेस्टेन्ट समुहमा जोड दिएका मुक्तिका सिद्धान्तहरु। ल्याटिन भाषाको शब्द सोलाको अर्थ एउटा मात्र, एक मात्र, एक भन्ने हुन्छ।

१ पवित्रशास्त्र बाइबल मात्र सोला स्क्रिप्चरा)
२ बिश्वासद्वारा मात्र सोला फिडे
३ ख्रिष्टद्वारा मात्र सोला ख्रिष्टुस
४ अनुग्रहद्वारा मात्र (सोला ग्राटिया)
५ परमेश्वरलाई महिमा मात्र सोलि डियो ग्लोरिया

**इस्लाम** (ISLAM)




इस्लाम धर्म बिश्वका धर्महरुमध्ये एक मुख्य धर्म हो। इस्लाम एकेश्वरवादको र अब्राहमीक धर्म हो र यसको धर्मशास्त्र कुरान हो। अनुयायीका संख्याको आधारमा इस्लाम धर्म संसारको दोस्रो ठुलो धर्म हो। यस धर्मका अनुयायीहरु कट्टरवादि मानिन्छन र उनिहरुका विविध समुहमा फरक फरक मत र विचारहरु रहेका छन। मुस्लिमका बिश्वास अनुसार अल्लाह एक र अतुलनात्मक हुनुहुन्छ र मानव अस्तित्त्वको उदेश्य परमेश्वरलाई प्रेम र सेवा गर्नु

हो। इस्लाम एक धार्मिक अभियान हो जस्लाई महम्मदले इस्वि सम्बत् छैठौं शताब्दीको अन्त्यतिर मक्कामा सुरु गरेका थिए। इस्लाम शब्द अरबि सलाम शब्दबाट आउँछ जसको अर्थ "समर्पण, शान्ति, र प्रतिबद्धताभन्ने हुन्छ। "इस्लाम धर्मले अल्लाहमा बिश्वास राख्छन। अल्लाहको अर्थ भन्ने हुन्छ। "परमेश्वर"अरबि भाषा अनुसार अल इल्लाह भनेको अल्लाह वा परमेश्वर हो। इस्लाम धर्मका अनुयायीहरुलाई मुस्लिम भनिन्छ जुनचाहि इस्लाम शब्दबाट लिएको हो। मुस्लिमहरुले उनीहरुलाई "महम्मदिएन" भनेको मन पराउदैनन् किनकि उनिहरुको बिश्वासको केन्द्र महम्मद नभएर अल्लाह हुन् भन्ने बिचार गर्छन। मुस्लिम धर्मको जरा यहुदि धर्म हो।

**इस्लामका पाँच स्तम्भहरु**

मुस्लिम बिश्वासका सबै भन्दा महत्त्वपुर्ण सारहरुलाई इस्लामका पाँच स्तम्भहरु भनिन्छ। सबै मुस्लिमहरुले तिनिहरुलाई पालना गर्दैपर्छ र तिनिहरुलाई निरन्तररुपमा उच्चारण गर्नु र सिकाउनुपर्छ।

१ बिश्वासको स्वीकार (शहदह)
२ अनिवार्य प्रार्थना सलत
३ भीक्षा दिनु जाकट
४ रामदानको उपवास वा वर्त सवाम्
५ मक्कामा तीर्थयात्रा

**इस्लाम धर्मका मुख्य सिद्धान्तहरु**

१ सर्वोच्च परमेश्वर
२ जीनहरु
३ शरिया ब्यबस्था
४ पुर्वनियुक्ति वा भाग्यवाद
५ मुक्ति वा उद्धार

**ईश्वर भन्नाले हाम्रो बुझाई के?** ईश्वरको बारेमा प्रत्येक धर्ममा आ आफ्नो बिचारहरु छन। कुनै धर्महरुले एकेश्वरवादलाई जोड दिन्छन भने अरुहरुलेचाहि बहुईश्वरवाद, अनेकईश्वरवादलाई जोड दिन्छन। एकेश्वरवादको सम्बन्धमा पनि प्रत्येक धर्मको आआफ्नो परिभाषा र ब्याख्या हुन्छ। प्रत्येक धर्मलाई बुझ्नका लागि त्यस धर्मको बारेमा गहिरो अध्ययन गरिनुपर्छ। अध्ययन बिनाका बितर्क गर्नु मुर्खता हो। आज संसारमा मानिसहरुले ईश्वरको बारेमा धेरै टिकाटिप्णि गरिरहेका पाउछौ। धेरै मानिसहरुले ईश्वरलाई आफ्नो विचार अनुसारको ईश्वर बनाईरहेका छन्। बिज्ञान र प्रविधिको चरम विकासले मानिसहरु आध्यातमकवाद भन्दा नास्तिकवादतिर लागिरहेको छन्। आध्यात्मकवादमा लाग्नेहरुले पनि ईश्वरको बारेमा ठिक कुरा सुन्न र सिक्न नपाएकोले गलत धारणामा आफ्नो जिवन बिताइरहेका छन। साचौं ईश्वरबाट टाढा भइरहेका छन। वास्तवमा ईश्वर (परमेश्वर) को हुनुहुन्छ ? र उहाँ कस्तो हुनुहुन्छ भन्ने बारेमा हामि आफुले राम्रो संग बुझेर अरुलाई बताउनु र बुझाउनु आजको समयको माग हो र यो ईश्वरको ईच्छा पनि हो। होइन भने कसैले ईश्वरको बारेमा ठिक सन्देश सुन्न पाउने छैनन् र ईश्वरलाई चिन्न सक्ने छैन। आदिमा परमेश्वर हुनुहुन्थ्यउहाँलाई कसैले पनि बनाएको होइन। उहाँ सबभन्दा अघि र सधैं हुनुहुन्थ्यो,हुनुहुन्छ र हुनुहुनेछ। अब हामि ईश्वरको बारेमा चर्चा गरौ।

ईश्वर शब्दले सर्वोच्च ब्यत्ति , सृष्टिकर्ता , पापरहित, अनन्त, अलौकिक, सर्वशक्तिमान, सर्वब्यापी, सर्वज्ञानी, अतुलनीय,पवित्र, आदि र अन्त, भौतिक आखाँले देख्न नसकिने, प्रेमिलो, अपरिवर्तनशीलको अर्थ दिन्छ। हामि संसारलाई हेरेर ईश्वरलाई मानविय क्षमताले मात्र बुझ्नु पनि पुर्ण हुदैन किन कि हामि सिमित छौ । तर उहाँ असिमित अनन्त अनन्त अनन्त हुनुहुन्छ। मानविय ड्डले उहाँको जन्म र मृत्यु वा मानविय नियमको तुलना गर्नु मानविय मुर्खता हुन जान्छ र तपाईले बुझेको, जानेको , थाहा गरेको सबै ईश्वरत्त्वको पुर्णता होइन यी पनि सिमित नै हुन।

**राज्यको संविधानले के भन्छ धर्मको बारेमा** ?

नेपालको संविधान, २०७२ को धारा २६ मा धार्मिक स्वतन्त्रताको हकको व्यवस्था गरिएको छ। यस धाराले प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता प्रदान गर्दछ। साथै, प्रत्येक धार्मिक सम्प्रदायलाई आफ्ना धार्मिक स्थलहरू स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने हक पनि सुनिश्चित गरिएको छ। तर, यो हकले सार्वजनिक स्वास्थ्य, शान्ति र नैतिकतामा प्रतिकूल असर पार्ने कार्यलाई अनुमति दिदैन। त्यसैगरी, कुनै व्यक्तिलाई धर्म परिवर्तन गराउन वा धर्म परिवर्तन गर्न बाध्य पार्न निषेध गरिएको छ। म एउटा ख्रिष्टयन भएको कारणले गर्दा हामिले राज्यमा भोगिरहेको पिडा, सबै धार्मिक समुहहरुको ब्याख्या गर्यो भने अझै एउटा लेख लेख्नु पर्ने हुन्छ। धार्मिक स्वतन्त्रता भए पनि सबैलाई सम्मान अधिकार भन्नमा मात्र सिमित देखिन्छ एक धर्मले अर्को धर्मलाई गरिने सतभाब अर्को विषय हो त्यो हुनु अत्ति महत्त्वपूर्ण छ तर सम्मान अधिकार छ भने धार्मिक मठमन्दिर, चर्च , गुम्बा,मस्जिद मा सम्मान बजेट कहाँ छ ? शान्तिपुर्ण ड्डले आफ्नो धार्मिक अभियास गर्दा गर्दै कति चर्चमा ख्रिष्टियनहरुलाई कुटपिट, कालो मोसो लगाउने , चर्चमा ढुंगा हान्ने , बिदेशी धर्म भन्नि सताउने , बिना प्रमाण ड्लरको खेति गर्ने भन्ने, घर परिवार, आफ्न्त , सन्तान भाई बन्दुबाट बहिष्कित, चर्चमा धार्मिक आस्था अनुसार अभियास गर्दा गर्दै राज्यले कुदृष्टिले हेर्ने खोजनिति गरिरहने सताउने यहि हो धार्मिक स्वतन्त्रता ? चार्ड पर्वको बिदामा पनि कहाँ छ यहाँ सम्मान्ता ? अरु त अरु नै भइ हाल्यो हामिले गर्ने अभिवादनमा पनि सम्मान्ता छैन नमस्कार भनेको ॐ नम शिवाय जस्तै शिवको आराधनाको शब्द हो कसैले जयमसि भन्नु पर्छ कुन जगत देखि आएको होला भन्ने सोचेर हेरिन्छ त्यहि हो सम्मन्ता ? कसैले अरुलाई जबरजस्ति धर्म परिवर्तन गराउन सक्छ ? यो कस्तो मुर्ख सवालहरु हुन। हास्यास्पद! सम्मान अधिकार छ भने सम्मानता खोइ ? पिडित समुदायको सवालहरुलाई हेरेको खोई? राज्यको सबैमा नजरअंदाज। राज्यको कुनै पनि धर्म नै छैन त्यसैले त धर्म निरपेक्षता बनाइएको छ भन्नु को मतलब हाम्रो देशको संविधान नै पुर्णरुपमा नास्तिकवाद छ। त्यसैले यहाँ धर्म प्रचार गर्न दिदैन यहाँ कुधर्म प्रचारले त देशको अबस्था दुखलाग्दो, दयनिय भइरहेको छ, त्यसै हामि निरन्तर रुपमा हाम्रो देश नेपालको लागि ईश्वर संग प्रार्थना गर्दछौ।

भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. (शिक्षा प्रशासन)०८१/०८२
च.नं ८४४

मिति: २०८१/१०/३०

श्री कक्षा ८ सञ्चालित विद्यालयहरु सबै ,
भूमे गाउँपालिका, रुकुम (पूर्व) ।

**विषयः आधारभूत तह उतीर्ण परीक्षा (कक्षा-८) को समय तालिका सम्बन्धमा ।**

प्रस्तुत विषयमा आधारभूत तह उतीर्ण परीक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८१/१०/२८ गते बसेको बैठको निर्णयानुसार आधारभूत तह उतीर्ण परीक्षा (कक्षा-८) को समय तालिका देहाय बमोजिम तय गरिएको हुँदा सोही बमोजिम गर्न/गराउनु हुन आधारभूत तह (कक्षा-८) सञ्चालित विद्यालयहरुलाई जानकारीका लागि अनुरोध छ ।साथै भूमे गाउँपालिक अन्तर्गत सञ्चालित सम्पूर्ण विद्यालयहरुले आधारभूत तह उतीर्ण परीक्षा (कक्षा-८) को समय तालिका बमोजिम मिलान हुने गरी गर्न/ गरानु हुन अनुरोध छ।

देहायः-

| क.स. | मिति | विषय | बार | परीक्षा शुरु हुने समय |
|---|---|---|---|---|
| १ | २०८१/१२/०१ | अंग्रेजी | शुक्रबार | दिउँसो १:०० बजे |
| २ | २०८१/१२/०३ | गणित | आईतबार | |
| ३ | २०८१/१२/०४ | नेपाली | सोमबार | |
| ४ | २०८१/१२/०५ | सामाजिक अध्ययन तथा मानव मुल्य शिक्षा | मंगलबार | |
| ५ | २०८१/१२/०६ | हाम्रो भूमे | बुधबार | |
| ६ | २०८१/१२/०७ | स्वास्थ्य तथा शारिरिक शिक्षा | बिहिबार | |
| ७ | २०८१/१२/०८ | विज्ञान तथा प्रविधि | शुक्रबार | |

.........
देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत
देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सूचना अभिलेख केन्द्र, वेवसाइट र फेसबुक पेजमा अपलोड गरिदिनु हुन।

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | फोन नं. +९७७-९७६२५२७१३०,+९७७-९७६२५२७१११
इमेल: bhumemun@gmail.com/edu.bhumemun@gmail.com वेबसाइट: www.bhumemun.gov.np

CS Scanned with CamScanner

भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कर्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.२०८१/८२
चं. नं.: ८४६

मिति: २०८१/१०।२९

**बिषयः स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) नतिजा सार्वजनिक गरिएको सम्बन्धमा।**

स्थानीय तहको वित्तीय प्रणाली पारदर्शी, विधिसम्मत, व्यवस्थित र प्रभावकारी बनाउनको लागि स्थानीय वित्त व्यवस्थापनका संभावित जोखिमका क्षेत्रहरुको पहिचान र यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहमा वित्तीय सुशासनलाई संस्थागत गर्न नेपाल सरकारबाट स्वीकृत "स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७" अनुसार यस गाउँपालिकावाट आर्थिक वर्ष २०८०।०८१ मा सम्पादित कार्य प्रगति र तथ्याङ्कहरुलाई मूल्याङ्कनका विषयक्षेत्रहरुको आधार वनाई यस कार्यालयवाट तयार गरिएको र जिल्ला समन्वय समिति रुकुम (पूर्वी भाग) द्धारा जाँच तथा स्वीकृत गरिएको तपशिल वमोजिमको नतिजा सार्वजनिक गरिएको छ ।

**तपशिलः**

भूमे गाउँपालिकाको **स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन** (FRA) को नतिजा, २०८०/८१

| मूल्याङ्कनका विषयक्षेत्रहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|
| १: योजना वजेट तथा कार्यक्रम व्यवस्थापन | २१ | २० | |
| २: कार्यान्वयन क्षमता तथा व्यवस्थापन | २९ | २५ | |
| ३: लेखाङ्कन तथा प्रतिवेदन | १७ | १५ | |
| ४: अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण | १६ | १२.५ | |
| ५: राजश्व व्यवस्थापन | १७ | १४ | |
| जम्मा | १०० | ८६.५ | |

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
(रोजगार सेवा केन्द्र)

प.सं.: २०८१/०८२
च.नं.: ८४५

खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## न्यूनतम रोजगारमा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धी सूचना

**प्रकाशित मितिः** २०८१/१०/३०

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभूति गराउन रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो संशोधन) को दफा १८ बमोजिम चालु आ.ब. २०८१/८२ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ देखि ५९ बर्ष उमेर समुहका बेरोजगार नागरिकले आ.ब. २०८२/८३ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न हुनको लागि **मिति २०८१ फागुन मसान्तसम्म** आफूले स्थायी बसोबास गरेको स्थानीयतहको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजात सहित बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनको लागि निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा र यस सम्बन्धी थप जानकारी रोजगार सेवा केन्द्र, वडा कार्यालय वा गाउँपालिकाको https://bhumemun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**न्यूनतम रोजगारीमा संलग्न हुनका लागि आवश्यक मापदण्डहरुः**

- १८ बर्ष पुरा भई ५९ बर्ष ननाघेको ।
- चालु आ.ब.मा कुनै रोजगारमूलक कार्यक्रममा संलग्न नरहेको ।
- नेपाल सरकारले तोकेको न्यूनतम बार्षिक आम्दानी भन्दा कम पारिवारिक आयस्रोत भएको ।
- सार्वजनिक विकास निर्माणका कार्य तथा अन्य सार्वजनिक सेवामा योगदान गर्न इच्छुक ।

**न्यूनतम रोजगारीमा संलग्न हुनका लागि आवश्यक कागजातहरुः**

- हालसालै खिचेको पासपोर्ट साईजको फोटो- १ प्रति
- नागरिकताको प्रतिलिपी- १ प्रति
- परिवारका सबै सदस्यको नागरिकता/जन्मदर्ताको प्रतिलिपी- १ प्रति
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपी- १ प्रति
- सीप तथा तालिम हासिल गरेको प्रमाणपत्रको प्रतिलिपी- १ प्रति (हुनेको हकमा)
- शारीरिक अशक्तता परिचय पत्रको प्रतिलिपी- १ प्रति (हुनेको हकमा)
- बसाईसराई भएको भए सोको प्रमाणपत्रको प्रतिलिपी- १ प्रति (हुनेको हकमा)
- पासपोर्टको प्रतिलिपी (बैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएका व्यक्तिको हकमा) - १ प्रति (हुनेको हकमा )

***नोटः-*** *निवेदनमा माग भए बमोजिमको सम्पूर्ण विवरण अनिवार्य भर्नुपर्ने छ । यदि निवेदन अपूर्ण वा झुठो भएमा रोजगार सेवा केन्द्र स्वीकृत गर्न बाध्य हुने छैन । साथै विस्तृत जानकारीको लागि सम्पर्क नं. ९८५१२११४४२, ९८६४७१०६२९ मा सम्पर्क गर्न सकिने छ ।*

.........
देविलाल वि. क.
प्रमुख प्रशासकीय अधिकृत
देवीलाल वि.क.

भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कर्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.२०८१/८२
चं. नं.: ८४३

मिति: २०८१/१०।२९

बिषयः स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन नतिजा सार्वजनिक गरिएको सम्बन्धमा।

स्थानीय तहको कार्य प्रकृया र उपलब्धिको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको सम्बन्धमा पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमीकमजोरीहरुको जानकारी लिन, आवधिक समिक्षाको लागि आधार प्राप्त गर्न र सुधारमा अग्रसरता गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन नेपाल सरकारबाट स्वीकृत "स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन कार्यविधि, २०७७" बमोजिम यस गाउँपालिकावाट आर्थिक वर्ष २०८०-८१ मा सम्पादित कार्य प्रगति र तथ्याङ्कहरुलाई सूचकको आधारमा स्वःमूल्याङ्कन गरी अन्तिम नतिजा मिति २०८१।०९।२८ गाउँकार्यपालिका तथा मिति २०८१।०९।२९ को गाउँसभा बैठकबाट स्वीकृत भएकाले सोहीअनुसार तपशिल बमोजिमको नतिजा सार्वजनिक गरिएको छ ।

**तपशिलः**

भूमे गाउँपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन (LISA) को नतिजा, २०८०/८१

| सूचक क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|
| सूचक क्षेत्र १: शासकीय प्रबन्ध | ९ | ८.५ | |
| सूचक क्षेत्र २: संगठन तथा प्रशासन | ८ | ८ | |
| सूचक क्षेत्र ३: वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ११ | |
| सूचक क्षेत्र ४ : वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | ११ | |
| सूचक क्षेत्र ५: सार्वजनिक सेवा प्रवाह | १६ | १६ | |
| सूचक क्षेत्र ६: न्यायिक कार्यसम्पादन | ७ | ७ | |
| सूचक क्षेत्र ७: भौतिक पूर्वाधार | १३ | १०.५ | |
| सूचक क्षेत्र ८: सामाजिक समावेशीकरण | १० | ९ | |
| सूचक क्षेत्र ९: वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ७.५ | |
| सूचक क्षेत्र १०: सहकार्य र समन्वय | ६ | ६ | |
| जम्मा | १०० | ९४.५ | |

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

# भूमे गाउँपालिका द्धारा जनहितमा जारी सन्देश

रुकुमपूर्वमा मात्रै नभएर यती बेला देश भर नै वनजंगल जलेर नष्ट भएका छन्।वनजंगल मासिनु भनेको भनेको हाम्रो सम्पति मासिनु हो।सुख्खा खडेरी प्राकृतिक विपत्ति हो,जसले बालीनाली नष्ट गर्छ, जलस्रोत सुकिरहेको छ। भने हाम्रो मानव जीवनमा ठूलो असर पारी रहेको छ।तपाई हामी समयमै सचेत भइएन भने, यसको प्रभाव अझै गम्भीर हुन सक्छ । सजग बनौं, स्रोतहरूको दुरुपयोग रोकौं, र दीर्घकालीन समाधान खोजौं !

## आगलागी नियन्त्रण गरौं! 🔥

- ❖"सावधानी अपनाऔं, आगलागी रोकौं!"
- ❖"होसियारी भएर आगलागी नियन्त्रण गरौं!"
- ❖ "थोरै लापरवाही, ठूलो क्षति! सचेत बनौं, सुरक्षित रहौं!"
- ❖बिजुलीका तार व्यवस्थित गरौं, छरछिमेक सुरक्षित बनाऔं।
- ❖ चुरोट, धूप, मैनबत्ती निभाएर मात्र छाडौं।
- ❖ ग्यास सिलिन्डर प्रयोग गर्दा सुरक्षाका उपाय अपनाऔं।
- ❖ बालबालिकालाई आगोबाट टाढै राखौं।
- ❖ आगो लागेमा तुरुन्तै १०१ नम्बरमा खबर गरौं।
- ❖विपत परि हाले गाउँपालिकालाई खवरर गरौं।

**आगलागी गर्ने व्यक्तिलाई वन ऐन अनुसार कारवाही गरिन्छ।हाम्रो सम्पति हामी सबैले संरक्षण गरौं।**